# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल


प.सं. : ०७८।०७९
च.नं. : ३३१

मितिः २०७८।०५।१५

श्री वडा कार्यलय (सवै)
सूर्यविनायक नगरपालिका

**विषय : स्वेच्छिक रुपमा सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई सम्मान गर्ने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.न. ३१५ प.स. २०७८।०७९ मिति २०७८।०४।२८ गतेको पत्र बमोजिम नेपाल सरकारले सत्तरी वर्ष माथिका जेष्ठ नागरिक, अन्य जेष्ठ नागरिक (साठी वर्ष माथिका सवै दलित नागरिक), एकल महिला, विधवा, पूर्ण अपाङ्ग भएका, अति अशक्त अपाङ्ग भएका, लोपोन्मुख जाती र तोकिएको क्षेत्र समुदायका बालबालिकालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको व्यहोरा विद्धितै छ ।

सोही सन्दर्भमा सामाजिक सुरक्षा नियामावली, २०७६को नियम १४ मा सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम कुनै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिन नचाहेको घोषणा गर्न सक्ने प्रावधान भएको र सोही नियमावलीको नियम (१५) मा सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपले लिन नचाहने नेपाली नागरिकलाई स्थानीय तहले सम्मान गरी प्रमाणपत्र दिनुपर्ने व्यवस्था उल्लेख छ । साथै, सामाजिक सुरक्षा भत्ताको लागि मुल मर्म आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेको, असहाय एकल महिला, अपाङ्ग भएका आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने जोखिम न्यूनीकरण गर्नु तथा उपभोगमा संघाउ पर्याउनु भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीले उल्लेखित मर्मलाई आत्मासाथ गरी सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपमा त्याग गर्न आफैंमा सराहनीय कार्य हो ।

सोही बमोजिम सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपमा लिन नचाहने नागरिकहरुलाई सूर्यविनायक नगरपालिका साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग समेतले प्रमाणपात्र सहित भव्य सम्मान गर्ने कार्यक्रम रहेको हुनाले तहाँ वडा कार्यालयबाट लिखित रुपमा निवेदन दिने सम्बन्धमा सुचना जारी गरी संकलित निवेदनहरुको जानकारी नगरपालिकामा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

राजेन्द्र प्रसाद नेपाल
निर्देशक

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३१५

मिति :...२०७८/०४/२८

विषयः  स्वेच्छिक रुपमा सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई सम्मान गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै।

उपरोक्त सम्बन्धमा नेपाल सरकारले सत्तरी वर्ष माथिका जेष्ठ नागरिक, अन्य जेष्ठ नागरिक (साठ्ठी वर्ष माथिका साविक कर्णाली जिल्लाका र सबै दलित नागरिक), एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख जाती र तोकिएको क्षेत्र तथा समुदायका बालबालिकालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको व्यहोरा विद्धितै छ।

सोही सन्दर्भमा, सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १४ मा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम कुनै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिले त्यस्तो सामाजिक सुरक्षा भत्ता लिन नचाहेको घोषणा गर्न सक्ने प्रावधान भएको र सोही नियमालीको नियम (१५) मा सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपले लिन नचाहने नेपाली नागरिकलाई स्थानीय तहले सम्मान गरी प्रमाणपत्र दिनुपर्ने व्यवस्था उल्लेख छ। साथै, सामाजिक सुरक्षा भत्ताको मूल मर्म आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने जोखिम न्यूनीकरण गर्नु तथा उपभोगमा सघाउ पुऱ्याउनु भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका तथा प्राप्त गर्न योग्य लाभग्राहीले उल्लिखित मर्मलाई आत्मसाथ गरी सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपमा त्याग गर्नु आफैंमा सराहनीय कार्य हो।

उल्लिखित व्यहोरालाई मध्यनजर गर्दै त्यस्ता व्यक्तिहरुलाई यस विभागले पनि सम्मान गर्ने भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका तथा प्राप्त गर्न योग्य लाभग्राहीहरुले स्वेच्छिक रुपमा भत्ता त्याग गर्न सक्ने प्रावधान बारे स्थानीय स्तरमा समेत प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्न तथा उल्लिखित व्यक्तिहरुको विवरण संकलन गरी सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १४ र १५ बमोजिम गर्नु गराउनु हुन र सो को जानकारी यस विभागलाई समेत गराउनु हुन आदेशानुसार अनुरोध छ।

२०७८/०४/२८
(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np